# प्रदेश नं. ५ मा नवीकरणीय ऊर्जा प्रवर्द्धन र विकासको लागि

## नेपाल सरकार

## ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

## वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

र

## भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. ५

बीच भएको

# समझदारी पत्र

मंसीर २०७५

सचिव

Scanned with CamScanner

१. यो समझदारी पत्र नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र ललितपुर (यसपछि "केन्द्र" भनिएको) र भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं ५ (यसपछि "मन्त्रालय" भनिएको) वीच भएको हो । यसपछि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र भौतिक पूर्वाधार विकास मन्त्रालयलाई संयुक्त रुपमा "समझदारी पत्रका पक्ष" भनिने छ ।

२. केन्द्र नवीकरणीय ऊर्जा प्रवर्द्धन तथा विकास गर्नका लागि स्थापना गरिएको सरकारी निकाय हो भने भौतिक पूर्वाधार विकास मन्त्रालय भौतिक पूर्वाधार सम्वन्धी विकासका कार्य गर्ने प्रदेश सरकारको मन्त्रालय हो र जस अर्न्तगत प्रदेश स्तरमा ऊर्जाको माग र आपूर्ति व्यवस्थापनका लागि ऊर्जा परियोजनाहरुको विकास र विस्तार गर्नु महत्वपूर्ण कार्य रही आएको छ ।

३. केन्द्रले नवीकरणीय ऊर्जाका कार्यक्रम कार्यान्वयनका लागि आर्थिक तथा प्राविधिक सहयोगका अलावा सम्वन्धित सरोकारवालाहरुको क्षमता अभिवृद्धि, अनुदानको व्यवस्थापन तथा परिचालन समेत गर्दछ । यसका साथै केन्द्रले नवीकरणीय ऊर्जा कार्यक्रम कार्यान्वयन गर्दा प्रदेश सरकार, स्थानीय तह, सामूदायिक संस्थाहरु, निजी क्षेत्र र गैह्रसरकारी संस्थाहरुसंग साझेदारी गरी ऊर्जाको सुलभ र भरपर्दो उपलब्धताका साथै ऊर्जाको माधयमवाट आयआर्जन गर्न गराउन प्रभावकारी भूमिका निर्वाह गर्दछ ।

४. मन्त्रालयले आफ्नो प्रदेश अन्तर्गतका जनतालाई समान रुपमा सेवा दिने उद्देश्यका साथ सवै प्रकारका भौतिक पूर्वाधारहरुको विकास गर्न प्रतिबद्ध छ । साथै मन्त्रालयले आफनो प्रदेश अन्तर्गतका सवै जनताले आधुनिक ऊर्जा प्राप्त गर्न पाउनु उनीहरुको न्युनतम अधिकार हो भन्ने कुरालाई आत्मसात गरी प्रदेश अन्तर्गतका सवै घरधुरीमा आधुनिक ऊर्जा पुऱ्याउन प्रतिबद्ध रहेको छ ।

५. केन्द्रले नवीकरणीय ऊर्जाका कार्यक्रम देशका दुर दराजमा बस्ने गरीब तथा पिछडिएका समुदायमा पुऱ्याउन जोड दिन्छ । केन्द्रले मागमा आधारित कार्यक्रम कार्यान्वयन गर्ने प्रकृया अबलम्बन गरी नवीकरणीय ऊर्जा प्रविधि प्रयोग गर्न चाहने उपभोक्ताहरुको प्रविधि छनौट र प्रविधि जडान प्रकृयामा महत्वपूर्ण भूमिका हुने कुरामा जोड दिनुका साथै केन्द्रले सबै तह र प्रकृयामा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको सिद्धान्तलाई आत्मासात गरेको छ ।

उपर्युक्त लक्ष्य प्राप्तीका लागि समझदारी पत्रका पक्षहरु देहायका कार्यहरु गर्न मञ्जूर गर्दछन् ।



सचिव

परिच्छेद १

प्रस्तावना

६. यस समझदारी पत्रका पक्षहरु ऊर्जा मानिसको जीवन निर्वाहको लागि चाहिने एक अपरिहार्य साधन हो र यो आर्थिक तथा सामाजिक विकासका लागि चाहिने पूर्वशर्त समेत हो भन्ने कुरामा दुवै पक्ष सहमत छन् । नेपालका ग्रामीण क्षेत्रमा बस्ने अधिकांश नेपालीहरु स्वच्छ ऊर्जाको पहुँचबाट टाढा छन् साथै आजको आधुनिक ऊर्जाका स्रोतहरु जस्तै विद्युत (राष्ट्रिय प्रसारण लाइनबाट प्राप्त), खनिज ईन्धन आदिमा समेत ग्रामीण क्षेत्रका निकै कम जनताहरुको पहुँचमा छ, यसको बावजुद नवीकरणीय ऊर्जाका स्रोतहरु जस्तै लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा, बायोग्यास, जैविक ऊर्जा, वायु ऊर्जा आदिको प्रशस्त संभावना छ, यद्यपि ग्रामीण क्षेत्रमा बसोबास गर्ने विपन्न घरधुरीहरुमा यसको सेवा विस्तार गर्ने कार्य कम चुनौतीपूर्ण भने छैन । तथापि दिगो विकासका लक्ष्य पुरा गर्न ग्रामीण क्षेत्रका बिपन्न जनतामा आधुनिक ऊर्जाको भरपर्दो सेवा विस्तार गर्न आवश्यक छ भन्ने कुरामा दुवै पक्ष सहमत छन् ।

७. यो समझदारी पत्रले प्रदेश नं ५ मा वैकल्पिक ऊर्जाका प्रविधिहरुको विकास तथा विस्तार गरी ग्रामीण जनतामा आधुनिक ऊर्जाको पहुँच पुऱ्याई गरिबी निवारण गर्ने गतिविधिमा टेवा पुर्‍याउन समझदारी पत्रका दुवै पक्षहरु बीचको संस्थागत सहकार्य गर्नका लागि मार्ग प्रशस्त गर्दछ ।

८. नवीकरणीय ऊर्जाका कार्यक्रमहरु सञ्चालनका लागि पक्षहरु ग्रामीण तथा बजार क्षेत्रमा ऊर्जाको विस्तार, ऊर्जा मा आधारित लघु उद्योग स्थापना र साना पूर्वाधार निर्माणको माध्यमबाट समेत ग्रामीण क्षेत्रको अभाव कम गर्न दीर्घकालिन कार्यक्रमका लागि समेत साझेदार बन्न सहमत गर्दछन ।

परिच्छेद २

पक्षहरुको भूमिका

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

९. केन्द्रले नवीकरणीय ऊर्जा सम्बन्धी आवश्यक नीति, कार्यविधि तथा रणनीति निर्माण गर्न आवश्यक सहयोग गर्नेछ ।

सचिव



Scanned with CamScanner

१०. केन्द्रले नवीकरणीय ऊर्जाका कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्न आवश्यक प्रशासनिक तथा प्राविधिक सहयोगका साथै भौतिक पूर्वाधार विकास मन्त्रालयको क्षमता अभिवृद्धि गर्ने कार्यमा सहयोग गर्नेछ ।

११. केन्द्रले नवीकरणीय ऊर्जा सम्वन्धी प्रदेश नं ५ को दीर्घकालिन रणनीति तयार गर्न आवश्यक सहयोग गर्नेछ ।

१२. केन्द्रले प्रदेश स्तरीय नवीकरणीय ऊर्जा सम्वन्धी डाटावेश तयार गर्न सहयोग गर्नेछ साथै प्रदेशको योजना तर्जुमा हुंदा विकास र सामाजिक न्याय सम्वन्धी सम्भव भएसम्म आवश्यक सूचना उपलब्ध गराउनेछ ।

१३. केन्द्रले नवीकरणीय ऊर्जामा कर्जा प्रवाहका लागि केन्द्रीय नवीकरणीय ऊर्जा कोषमार्फत आवश्यक व्यवस्था गर्न सहयोग गर्ने छ ।

१४. केन्द्रले नवीकरणीय ऊर्जा सम्वन्धी जनचेतना र विकास सम्वन्धी वजार व्यवस्थापन र अनुगमन तथा मूल्यांकन गर्ने कार्यमा आवश्यक सहयोग र सहकार्य गर्नेछ ।

१५. केन्द्रले नवीकरणीय ऊर्जा सम्वन्धी प्रदेश सरकारको कार्यक्रम प्रभावकारी गराउन आवश्यक सहयोग गर्नेछ ।

१६. केन्द्रले सो क्षेत्रमा आवश्यक र उपयुक्त नवीकरणीय ऊर्जाका प्रविधिहरु (लघु तथा साना जलविद्युत सौर्य ऊर्जा, वायोग्यास, जैविक ऊर्जा, वायुऊर्जा आदि) र सो क्षेत्रको पहिचान, संभाव्यता अध्ययन, विस्तृत डिजाईन, कार्यान्वयन र सो संग सम्बन्धित परामर्श सेवा खरीद कार्यका लागि आवश्यक सहयोग उपलब्ध गराउनेछ ।

१७. केन्द्रले प्रदेश सरकारद्धारा संचालित नवीकरणीय ऊर्जा कार्यकमहरु कार्यान्वयनका लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनेछ, साथै पहिचान भएका क्षेत्रमा केन्द्र र प्रदेश सरकारले संयुक्त रुपमा संचालन गर्ने नवीकरणीय ऊर्जाका प्रविधिहरु जडान गर्नको लागि नेपाल सरकारको नवीकरणीय ऊर्जा नीति बमोजिम अनुदान उपलब्ध गराउनेछ ।

१८. केन्द्रले प्रदेश सरकार संगको सहकार्यमा नमुना आयोजनाहरु कार्यान्वयन गर्नेछ ।

सचिव



Scanned with CamScanner

१९. मन्त्रालयले आफ्नो मातहतमा आवश्यक जनशक्ति सहित ऊर्जा शाखा स्थापना गरेको छ र केन्द्र मार्फत व्यवस्था गरिएका/गरिने जनशक्ति समेत यस शाखामा रही दैनिक कार्य सम्पादन गर्नेछन् ।

२०. मन्त्रालयले उक्त शाखा सञ्चालनका लागि र स्थानीय सरकारहरुसँग सहकार्य गर्नका लागि आवश्यक प्रवन्ध मिलाउनेछ ।

२१. मन्त्रालयले नवीकरणीय ऊर्जाका कार्यक्रम सञ्चालनका लागि ऊर्जा शाखाको कार्य विवरण र क्षेत्राधिकारमा प्रष्ट रुपमा उल्लेख हुने व्यवस्था गर्नेछ साथै सेवा प्रवाहका लागि ऊर्जा शाखाको क्षमता अभिवृद्धि गर्नेछ ।

२२. मन्त्रालयले प्रदेश स्तरीय नवीकरणीय ऊर्जा सम्वन्धी डाटावेश तयार गर्नेछ ।

२३. मन्त्रालयले नवीकरणीय ऊर्जा सम्वन्धी आवश्यक नीति, रणनीति तथा योजना तर्जुमा गर्नेछ ।

२४. मन्त्रालयले सरोकारवाला (प्रदेश सरकार, निजी क्षेत्र र गैह्र सरकारी संस्थाहरु) बीच नवीकरणीय ऊर्जा सम्वन्धी नियमित छलफल तथा अन्तक्रिया गर्नका लागि आवश्यक संयन्त्र स्थापना गर्नेछ ।

## परिच्छेद ३

## विविध

२५. समझदारी पत्रका पक्षहरु, स्रोत परिचालन, लघु उद्यम विकासका लागि ऊर्जाको उपयोग र आय आर्जन सम्वन्धी गतिविधि गर्न आवश्यकता अनुसार संयुक्त रुपमा साझा स्वीकार्य कार्यविधि बनाउन सहमत छन् ।

२६. यो समझदारी पत्रको कार्यान्वयनको लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र भौतिक पूर्वाधार विकास मन्त्रालय पुर्ण रुपमा जिम्मेवार हुनेछन् साथै संझौतामा उल्लेखित कार्यहरु कार्यान्वयनका लागि नियमित रुपमा छलफल र अन्तर्क्रिया गर्नेछन् ।

२७. यो समझदारी पत्रको आधारमा कुनै परियोजना/आयोजना अथवा कुनै भविष्यमा गरिने कार्यको तय गर्दा समझदारी पत्रका पक्षहरु बीच पूर्व सहमतिमा गरिनेछ ।

सचिव



Scanned with CamScanner

२८. यो समझदारी पत्रका बुदाँहरुमा उल्लेखित शर्तहरु यो समझदारी पत्रमा दुवै पक्षको हस्ताक्षर भएपछि कार्यान्वयनमा आउनेछन् र यो संझौताको अवधि चार वर्षको लागि हुनेछ ।

२९. यो समझदारी पत्रका पक्षहरु समझदारी पत्रका विषयवस्तुहरु सम्वद्ध पक्षहरुका लागि सार्वजनिक गर्ने कुरामा सहमत छन् ।

३०. यो समझदारी पत्रमा संशोधन, विस्तार तथा परिर्वतन गर्नु परेमा पक्षहरुको लिखित सहमतिमा मात्र गरिनेछ ।

३१. वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र भौतिक पूर्वाधार विकास मन्त्रालयले माथि उल्लेखित विवरणका प्रावधानहरुमा सहमत भई माननीय भौतिक पूर्वाधार विकास मन्त्री बैजनाथ चौधरी (थारु) को समुपस्थितीमा सक्कल पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौंदियौं ।

| **वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको तर्फवाट** | **भौतिक पुर्वाधार विकास मन्त्रालयको तर्फवाट** |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर<br>सचिव |
| नवराज ढकाल | रामचन्द्र दंगाल |
| का.मु.कार्यकारी निर्देशक | सचिव |
| मिति: २०७५/०८/२२ | |

साक्षी

.........................................
तुलसी प्रसाद घिमिरे
लेखा अधिकृत
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

.........................................
ध्रुवराज पौडेल
सि.डि.ई (महाशाखा प्रमुख)
भौतिक पुर्वाधार विकास मन्त्रालय, प्रदेश नं ५

.........................................
सुर्य देवे गुप्त
इन्जिनीयर
भौतिक पुर्वाधार विकास मन्त्रालय, प्रदेश नं ५



Scanned with CamScanner